# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बेलबारी मोरङ
## प्रदेश नं. १

## <u>स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क असुली सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना</u>

प्रकाशित मितिः २०७६/०४/२१

तपशिल उल्लेखित सडकमा आर्थिक वर्ष २०७६/७७ को लागि स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क अशुलीको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठक्का लिन चाहने ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तपशिल बमोजिमको शर्तको अधिनमा सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस नगरकार्यपालिकाको कार्यालयवाट बोलपत्र फारम तोकिएको दस्तुर बुझाइ (पछि फिर्ता नहुने) खरिद गरि ३१ औ दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न आफुले कबोल गरेको एकमुष्ठ ठेक्का रकम अंक र अक्षरमा खुलाई पुन गोप्य शिलवन्दी बोलपत्र आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क अशुली

| क्र. सं. | सडकको नाम | न्युनतम अङ्क रु. (भ्याट सहित) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| १ | किर्तिमान भाउन्ने आमतोला सडक | २५,००,०००/- | ३,०००/- |

***<u>ठेक्का सम्बन्धि आवश्यक शर्तहरु</u>***

(१) माथि उल्लेखित ठेक्काबाट करदस्तुर असुल गर्दा बेलबारी नगरपालिकाले तोकिएको दरमा मात्र असुल गर्नु पर्नेछ ।
(२) कर असुली दररेट एवं ठेक्कापट्टाको शर्तहरु बोलपत्रसाथ उपलब्ध गराईनेछ ।
(३) ठेक्काको अवधि २०७६ श्रावण ९ देखि २०७७ असाढ मसान्त सम्मको लागि मात्र हुनेछ ।
(४) प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरी छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।
(५) बोलपत्र पेशकर्ताले खामको बाहिरपट्टी ठेक्काको किसिम, नम्बर तथा पेशकर्ताको नाम र सहिछाप स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
(६) बोलपत्रमा ठेक्का कबोल रकमको ३ प्रतिशतले हुने रकम बेलबारी नगरपालिकाको नाममा रहेको रा.बा.बैंक बेलबारी शाखाको हि.न. २४३०३०३००७१०३ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि वा सम्बन्धित निकायबाट म्याद थप गरेको प्रमाणको प्रतिलिपि साथै स्वःघोषण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(७) कबोल गरिएको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
(८) शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिने छ ।
(९) ठेक्का रकम संझौता समयमा एकमुष्ठ बुझाएमा ठेक्का अंकको १० प्रतिशत छुट दिइनेछ । यदि किस्तामा बुझाउनेको हकमा ठेक्का अंक बराबरको ठेक्का अवधिसम्मको लागि बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । यस्तो किस्ता चौमासिक रुपमा दामासाहीले (मू.अ.कर समेत) बुझाउनु पर्नेछ ।
(१०) बोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरि सक्नु पर्नेछ । उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडी बढाईनेछ ।
(११) प्रचलित कानून अनुसार लाग्ने कर तथा दायित्व बोलपत्रदाता स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।
(१२) बोलपत्रदाताले नेपाल सरकार तथा बेलबारी नगरपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस न.पा. र बोलपत्रदाता बीच ठेक्काको विषयमा विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।
(१३) बेलबारी नगरपालिकालाई बुझाउनु पर्ने रकम बाँकी बक्यौता भएका फर्म वा कम्पनीहरुको बोलपत्रलाई बाँकी बक्यौता रकम नबुझाए सम्म स्वीकृत गरिने छैन ।
(१४) बोलपत्रदाताले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भए पछि आन्तरिक राजश्व कार्यालयमा आयकर मूल्य अभिबृद्धि कर तिरेको प्रमाण र बेलबारी नगरपालिकाबाट कर असुलीमा प्रयोग भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिईनेछ ।
(१५) ठेक्का कबोल गर्ने बोलपत्रदाताले बेलबारी नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु नगरपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियमानुसार कारवाही चलाईनेछ ।
(१६) बन्द हड्ताल जस्ता मानव श्रृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।
(१७) कुनै फर्म वा कम्पनीको नामबाट खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीको नाममा दाखिला गर्न पाईने छैन ।
(१८) यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।
(१९) कर असुलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ वोर्ड बोलपत्रदाताले संकलन केन्द्रमा सबैले देखिने गरि अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(२०) कुनै शर्त सहितको बोलपत्र स्वीकृत हुने छैन र कुनै एक ठाउँमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहा गरिने छैन ।
(२१) स्थानीय तहले तोकेको दर भन्दा बढी रकम असुल गरेमा वा सम्झौतामा उल्लेख भए बाहेकका मालबस्तुमा कर सेवा शुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो हुने गरि कर लिएमा त्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टा गरि सम्बन्धित पक्षलाई उपलब्ध गराईनेछ । ठेक्का सम्बन्धि सम्पूर्ण काम कारवाही सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ बमोजिम हुनेछ ।
(२२) सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।
(२३) बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

(२४) ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको  लागि बोलपत्रदाताले यस कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत